# विजयनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खुरुहुरिया, कपिलवस्तु

**विजयनगर गाउँपालिका वहुक्षेत्रिय स्वास्थ्य समन्वय समिति गठन मार्गदर्शन, २०८३**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०४।१९

**पृष्ठभूमि र औचित्य:**

संङ्घीय शासन प्रणालीमा भएको रूपान्तरणले गाउँपालिकाहरूलाई विविध सामाजिक, आर्थिक र वातावरणीय निर्धारकहरूद्वारा सिर्जित जटिल स्वास्थ्य चुनौतीहरूलाई सम्बोधन गर्ने अग्रपंक्तिमा पुऱ्याएको छ। स्वास्थ्य सुधारका लागि शिक्षा, कृषि, खानेपानी, रोजगारी र आवास जस्ता बहु-पक्षीय क्षेत्रहरू जोडिने हुनाले एकांकी स्वास्थ्य क्षेत्र विशेष कार्यक्रमहरू मात्र स्वास्थ्य सुधारका लागि पर्याप्त हुँदैनन्। हाल स्थानीय तहमा समन्वय गर्ने ३ सदस्यीय सामाजिक विकास समिति बहु-क्षेत्रीय सहकार्यका लागि अपर्याप्त देखिएको छ। त्यसैले, राष्ट्रिय स्तरका सफल कार्यक्रमहरू (जस्तै: बहु-क्षेत्रीय पोषण योजना र विपद् क्लस्टरहरू) ले देखाए झैं एकीकृत, जवाफदेही र प्रभावकारी सेवा प्रवाहका लागि स्थानीय तहमा पनि संस्थागत बहु-क्षेत्रीय मञ्चहरूको स्थापना आवश्यक छ।

नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०२३-२०३०) को अनुरूप स्थानीय स्वास्थ्य क्षेत्रको सुशासन सुदृढीकरणका लागि राष्ट्रिय गाउँपालिका महासंघ (NARMIN)ले नेपाल-जर्मन द्विपक्षीय कार्यक्रम "स्वास्थ्य क्षेत्र रणनीतिमा सहयोग (S2HSS-II)" र "लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा सहयोग (S2GESI)" सँगको साझेदारीमा स्थानीय सुशासन सुधारका लागि **गाउँपालिकाहरूमा बहु-क्षेत्रीय स्वास्थ्य समन्वय समिति**को स्थापना तथा बहुक्षेत्रीय स्वास्थ्य कार्यान्वयन योजना विकासमा सहजीकरण गर्दै आएको छ। यी समितिहरूको उद्देश्य स्थानीय तहमा विभिन्न क्षेत्रहरूबीच योजना, समन्वय र जवाफदेहिता अभिवृद्धि गर्नु हो।

**१. नीतिगत सन्दर्भ**

नेपालको संघीय शासन संरचनामा, गाउँपालिकाहरूमा बहु-क्षेत्रीय स्वास्थ्य समन्वय समिति (MSHCCs) को गठन संवैधानिक रूपमा समर्थित हुनुका साथै विभिन्न कानुनी र नीति एवं रणनीतिहरूबाट पनि प्रोत्साहन गरिएको छ। नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय सरकारहरू बीच सहकारिता, सहअस्तित्व र समन्वयको आधारभूत सिद्धान्त तय गरेको छ, जसले गाउँपालिकाहरूलाई अन्तर-क्षेत्रीय सहकार्यका लागि संयन्त्रहरू स्थापना गर्न मार्ग प्रसस्त गरेको छ। यसलाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मार्फत कार्यान्वयनमा ल्याइएको छ।

यस सन्दर्भमा, स्वास्थ्यमा बहु-क्षेत्रीय समन्वयलाई बढावा दिन, जनस्वास्थ्य ऐन, २०७५ ले राष्ट्रिय जनस्वास्थ्य समितिलाई संस्थागत गर्दै राष्ट्रियस्तरमा समन्वय नेटवर्कहरूलाई प्रोत्साहन गरेको छ, जसले प्रदेश र स्थानीय तहहरूलाई व्यापक स्वास्थ्य निर्धारकहरूलाई सम्बोधन गर्न MSHCCs गठन गर्ने कानुनी आधार प्रदान गर्दछ। राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले विश्वव्यापी स्वास्थ्य पहूँच र समता हासिल गर्न सङ्घीय संरचनासँग सरेखित हुँदै सरकारी, गैर-सरकारी र निजी क्षेत्रहरूमा बहु-क्षेत्रीय सहभागिता र साझेदारीलाई प्रवर्द्धन गर्ने ध्येय राखेको छ।

यसको परिपूरकका रूपमा, नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०२३-२०३०) ले जटिल स्वास्थ्य चुनौती र निर्धारकहरूलाई सम्बोधन गर्न सरकारका सबै तहमा बहु-क्षेत्रीय समन्वय संयन्त्रलाई सुदृढ पार्न स्पष्ट रूपमा आह्वान गरेको छ। यसका अतिरिक्त, मानवीय स्वास्थ्य साझेदारहरू बीच समन्वयका लागि राष्ट्रिय मार्गदर्शन (२०२२) ले विशेष गरी विपद् पूर्वतयारी र जनस्वास्थ्य आपत्कालीन अवस्थाहरूमा उप-राष्ट्रिय तहहरूमा संस्थागत बहु-क्षेत्रीय समन्वय मञ्चहरूको आवश्यकतालाई जोड दिन्छ।

विपद् जोखिम न्यूनीकरण खाका अन्तर्गतका स्वास्थ्य तथा पोषण क्लस्टरहरू, नसर्ने रोग सम्बन्धी बहु-क्षेत्रीय कार्ययोजना र बहु-क्षेत्रीय पोषण योजना (MSNP) जस्ता संरचनाहरूले स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार कसरी आपत्कालीन अवस्था, दीर्घकालीन रोग रोकथाम र पोषणमा प्रभावकारी रूपमा सहकार्य गर्छन् भन्ने कुरा देखाउँछन्।

समग्रमा, यी औजारहरूले MSHCCs को महत्वलाई मात्र जोड दिंदैनन्, थप गाउँपालिकालाई एकीकृत सेवा प्रवाह र सुधारिएको स्वास्थ्य नतिजाहरू सुनिश्चित गर्दै यस्ता समितिहरू स्थापना र सञ्चालन गर्ने अधिकार र रणनीतिक दिशा



हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

पनि प्रदान गर्छन् । यी उदाहरणहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अन्तर्गतको कानुनी जनादेशलाई थप सुदृढ बनाउँछन्, जसले गाउँपालिकाहरूलाई प्रभावकारी सुशासन सुनिश्चित गर्न र आफ्नो एकल तथा साझा अधिकारहरूको कार्यान्वयन गर्न ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरू बनाउने अधिकार दिन्छ ।

**२. समितिको संरचनाः**

गाउँपालिकामा स्वास्थ्य सेवा व्यवस्थापनलाई प्रभावकारी र जवाफदेही बनाउन, ऐन र कार्यविधिहरू बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ अन्तर्गत प्रदत्त अधिकारको व्यवस्था बमोजिम एक बहु-क्षेत्रीय स्वास्थ्य समन्वय समिति गठन गरिनेछ । यो समितिले विभिन्न क्षेत्रका सरोकारवालाहरू बीच सहकार्य सुनिश्चित गर्नेछ र स्थानीय स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न मद्दत गर्नेछ ।

क. अध्यक्षः गाउँपालिका अध्यक्ष

ख. सदस्यहरू

१. गाउँपालिका उपाध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत
३. जिल्ला समन्वय समिति प्रमुख वा प्रतिनिधि
४. सामाजिक विकास समितिको संयोजक
५. मनोनीत वडा अध्यक्ष -१
६. वडा सदस्यहरूबाट मनोनीत -१ महिला तथा -१ दलित गरि २ जना
७. शाखा प्रमुखहरू तर्फः
    क. स्वास्थ्य शाखा प्रमुख
    ख. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख
    ग. खानेपानी, सरसफाइ तथा वातावरण प्रवर्द्धन शाखा प्रमुख
    घ. कृषि शाखा प्रमुख
    ङ. पशु सेवा शाखा प्रमुख
    च. आयुर्वेद औषधायल प्रमुख
    छ. आर्थिक प्रशासन शाखा प्रमुख
    ज. प्रशासन शाखा प्रमुख
    झ. योजना शाखा प्रमुख
८. ईलाका प्रशासन कार्यालय, चन्द्रौटाका प्रतिनिधि
९. विजयनगर आधारभूत स्वास्थ्य सेवा अस्पताल प्रमुख
१०. निजी स्वास्थ्य संस्था मनोनीत प्रतिनिधि
११. स्थानीय तहमा कार्यरत NGO/INGO का मनोनीत प्रतिनिधिहरू
१२. महिला स्वास्थ्य स्वयंसेविका मनोनीत प्रतिनिधि
१३. गाउँपालिकाले मनोनयन गरेको पत्रकार प्रतिनिधि
१४. उद्योग वाणिज्य सघंको मनोनीत प्रतिनिधि
१५. मनोनीत स्थानीय शिक्षाविद् -१ तथा समाज सेवी-१ गरी २ जना

गाउँपालिकाले उल्लिखित समितिका सदस्यहरूलाई आफ्नो स्थानीय सन्दर्भ अनुसार अनुकूलन गरी हेरफेर गर्न सक्नेछ ।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
विजयनगर गाउँपालिका

३. अन्य प्रावधानहरू:

क. मनोनीत सदस्यहरूको पदावधि स्थानीय तहका जनप्रतिनिधिहरूको पदावधिसँग सामञ्जस्य हुने गरि तय गर्ने।

ख. समितिले आवश्यकता अनुसार निम्नानुसार विषय विज्ञहरू, अन्य शाखाका प्रमुखहरू, गैर सरकारी संघ संस्था, स्वास्थ्य बीमा बोर्ड लगायतका प्रतिनिधिहरूलाइ बैठकमा आमन्त्रित गर्न सक्ने छ।

ग. समितिको बैठक कम्तीमा त्रैमासिक रूपमा बस्ने व्यवस्था मिलाउने।

घ. समितिले आवश्यकता अनुरूप उपसमिति वा कार्य समूह गठन गर्न सक्नेछ।

ङ. समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम कर्तव्य र अधिकार:**

क. गाउँपालिकावासीको स्वास्थ्य सुरक्षा, संवर्द्धन र सुधार गर्न आवश्यक नीति, कानून, मापदण्ड, कार्यविधिहरू तथा आवधिक योजना को निर्माण तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक सल्लाह सुझाव प्रदान गर्ने।

ख. गाउँपालिका लागि दीर्घकालीन बहु क्षेत्रीय कार्य योजना तयार गरी कार्यान्वयन गर्ने।

ग. निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुदृढीकरण का लागि अनुगमन गरि सुझाव दिने।

घ. स्वास्थ्यका बृहत् सामाजिक निर्धारकहरूलाइ सम्बोधन गर्न सबै गाउँपालिकास्तरीय नीति एवं कार्यक्रमहरूमा स्वास्थ्य नीति अवलम्बन गर्ने।

ङ. स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा बहु क्षेत्रीय लक्ष्य एवं प्राथमिकता निर्धारण गर्ने।

च. One Health, जलवायुजन्य जोखिम र आपतकालीन तयारीमा सहकार्य प्रवर्धन गर्ने।

छ. स्वास्थ्य, पोषण, कृषि, पशुपालन, महिला तथा बालबालिका, सरसफाइ, वातावरणीय स्वास्थ्य लगायतका क्षेत्र बीच समन्वय सुदृढीकरण गर्ने।

ज. स्थानीय तहमा सेवा प्रवाहको गुणस्तर सुधार र स्रोत परिचालनमा पारदर्शिता कायम गर्ने।

झ. जनस्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय, प्रादेशिक नीति, रणनीति तथा प्रतिबद्धता लाई गाउँपालिकाको हितमा लागू गर्न सहकार्य, समन्वय तथा अनुगमन गर्ने।

ञ. विभिन्न प्रयोजनका लागि प्रयोग हुने विषादी, सुर्ती तथा मादक पदार्थ सेवन नियन्त्रण, अस्वस्थ कर खानपान तथा जीवन शैलीका कारण सृजना हुने समस्याहरूको समाधानका लागि आवश्यक नीति, मापदण्ड, कार्यविधि निर्माण गर्न गाउँपालिकालाई सुझाव दिने।

ट. माध्यमिक तहको विद्यालय शिक्षामा स्वास्थ्य विषयको पाठ्यक्रम तयार पारी लागू गर्न सहयोग गर्ने।

ठ. पेशागत स्वास्थ्य प्रवर्धनका लागि कार्यक्रम विकास गरि कार्यान्वयन गर्न आवश्यक सल्लाह सुझाव दिने।

ड. स्वास्थ्य क्षेत्रका कार्यक्रम सञ्चालनमा दोहोरोपना हुन नदिने तथा कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

ढ. स्वास्थ्य क्षेत्रका लागि आवश्यक पर्ने श्रोतसाधन पहिचान एवं परिचालनमा आवश्यक सल्लाह सुझाव दिने।

ण. सार्वजनिक स्वास्थ्य जन्य फोहोर व्यवस्थापनका लागि समन्वय गर्ने।

त. गाउँपालिकाले तोकेका अन्य कार्य गर्ने।

५. उल्लिखित वहुक्षेत्रिय समन्वय समितिको प्रभावकारीताको आधारमा यसलाई वडास्तरसम्म समेत विस्तार गर्न सकिनेछ।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत



...बहादुर थापा मगर
अध्यक्ष
...गाउँपालिका